## गण्डकी प्रदेश विकास समस्या समाधान समितिको दशौं बैठकका निर्णयहरूः

| सि.न. | समस्या | प्रस्तावित निर्णय | प्रमुख जिम्मेवार मन्त्रालय/निकाय | सहयोगी मन्त्रालय/निकाय |
|---|---|---|---|---|
| १ | गण्डकी प्रदेश आर्थिक ऐन, २०८१ को दफा ७ अनुसूची ६ मा उल्लेखित पर्यटन शुल्क संकलन गर्न नसकिएको। | आर्थिक ऐन, २०८१ अनुसुची ६ मा उल्लेखित सेवाहरुको दर्ता गर्ने व्यवस्था समावेश गरी गण्डकी प्रदेशको पर्यटन ऐन २०७९ मा संशोधन गर्ने। | उद्योग तथा पर्यटन मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | कर्मचारी अध्ययन विदा तथा तहवृद्धि सम्बन्धमा स्वास्थ्य सेवा ऐन, २०५५ र गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ मा भएका व्यवस्था संघीय कानूनसँग बाँझिएको। | गण्डकी प्रदेश निजामती सेवा ऐन तथा नियमावलीमा सम्वोधन गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विषयगत मन्त्रालय सबै |
| ३ | आयोजना कार्यान्वयन क्रममा देखा पर्न सक्ने सम्भावित जोखिम र विकास कार्यक्रम कार्यान्वयनमा हुने दोहोरोपना भएको। | आयोजना कार्यान्वयनमा देखा पर्न सक्ने सम्भावित जोखिम तथा व्यवस्थापनका लागि अन्तर मन्त्रालय/निकाय समन्वयको व्यवस्था मिलाउने। | विषयगत मन्त्रालय सबै | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/आर्थिक मामिला मन्त्रालय/ नीति तथा योजना आयोग |
| ४ | प्रादेशिक सडक पुल सहयोग कार्यक्रम झोलुंगे पुल प्राविधिक सेवा प्रदायक संस्था (PTAP) सँगको सम्झौता अद्यावधिक नहुँदा झोलुङ्गेपुल निर्माण कार्य अवरुद्ध भएको। | झोलुंगे पुल प्राविधिक सेवा प्रदायक संस्था (PTAP) का लागि स्रोत सुनिश्चितता आर्थिक मामिला मन्त्रालयले गर्ने। | आर्थिक मामिला मन्त्रालय | भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय । |
| ५ | प्रदेशमा खेलकुद विकासका लागि आवश्यक पूर्वाधार तथा जनशक्तिको व्यवस्था गरी खेलकुद गतिविधिलाई प्रोत्साहन गर्न आवश्यक नीतिगत व्यवस्था पर्याप्त नरहेको। | यस सम्बन्धमा आवश्यक नीतिगत व्यवस्था गर्ने। | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/गण्डकी प्रदेश नीति तथा योजना आयोग |

अध्यक्ष
प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश, पोखरा